# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, असोज ०७ गते, २०७६ साल (अतिरिक्ताङ्क १९

## भाग २

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सरकारले तल लेखिए बमोजिमको नियमावली बनाएकोले यो सूचना प्रकाशन गरिएको छ।

## प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६

प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम २ मा संशोधनः** प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "विभागीय प्रमुख" भन्नाले प्रदेश सरकार अन्तर्गतको कुनै निकायमा कार्यरत राजपत्रांकित प्रथम श्रेणी वा अधिकृत एघारौं तह वा सो सरहको अन्य कार्यालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारी सम्झनु पर्छ।"

(ख) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिवलाई समेत जनाउँछ।"

३. **मूल नियमावलीमा नियम ५९क. थपः** मूल नियमावलीको नियम ५९ पछि देहायको नियम ५९क. थपिएको छः-

"**५९क.** **<u>अवधि थप गर्ने अधिकारी</u>**: (१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (६) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि अवधि थप गर्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ।

(२) खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।"

४. **<u>मूल नियमावलीको नियम ६१ मा संशोधन</u>**: मूल नियमावलीको नियम ६१ को सट्टा देहायको नियम ६१ राखिएको छः-

"**६१.** **<u>भुक्तानी सम्बन्धी व्यवस्था</u>**: (१) निर्माण व्यवसायी वा परामर्शदाताले गरेको काममा खटिएका श्रमिकहरूको पारिश्रमिक भुक्तानी गरेको कुराको लिखित रुपमा त्यस्ता निर्माण व्यवसायी वा परामर्शदाताले स्वघोषणा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण व्यवसायी वा परामर्शदाताले गरेको स्वघोषणा झुठ्ठा ठहरेमा त्यस्ता निर्माण व्यवसायी वा परामर्शदातालाई प्रचलित कानून बमोजिम कार्वाही हुनेछ।"

५. **<u>मूल नियमावलीको नियम ६५ मा संशोधन</u>**: मूल नियमावलीको नियम ६५को सट्टा देहायको नियम ६५ राखिएको छः-

"**६५.** **<u>यसै नियमावली बमोजिम हुने</u>**: यस नियमावलीमा उल्लेख गरिएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।"

६. **<u>खारेजी</u>**: मूल नियमावलीको नियम १२ खारेज गरिएको छ।

मन्त्रिपरिषद्‌बाट स्वीकृत मितिः २०७६।०६।०७

आज्ञाले,
मधु सुदन बुर्लाकोटी
प्रदेश सरकारको सचिव



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-